# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ (३) तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजानिक गरिएको विवरण

## २०८१ साउन देखी २०८१पौष मसान्तसम्म प्रमुख क्रियाकलावहरु

(स्वतः प्रकाशन)

मर्स्याङ्दी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भुलभुले, लमजुङ
गण्डकी प्रदेश, नेपाल

# स्वतः प्रकाशन

नेपालको संविधान धारा २७ तथा सुचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सुचनाको हक सम्बन्धी नियावली, २०६५ मा प्रत्येक सार्वजनिक निकायले आफ्ना गतिविधिको विवरण प्रकाशन गर्नुपर्ने व्यवस्था रहेको छ ।

यसका लागि ऐन तथा नियमावली मा विभिन्न शिर्षक तोकिएका छन् । सुचनाको हक सम्बन्धी कानुनको मुल उद्धेश्य नै नागरिकले सुचना माग नगरे पनि आफ्नो निकायको पारदर्शीता, जवाफदहिता र विश्वनियताको लागि नियमित रुपमा विवरण प्रकाशित गर्ने क्रममा मर्स्याङ्दी गाउँपालिका लमजुङको आ.व. २०८१/०८२ को चैत्र मसान्त सम्म सम्पादित कामको मुख्य मुख्य विवरण प्रस्तुत गरिएको छ ।

मर्स्याङ्दी गाउँपालिका कार्यालय,

भुलभुले, लमजुङ

अर्जुन चपाई

(प्रमुख प्रशासकीय अधिकृत)

१. <u>नीति, कार्यक्रम, बजेट कार्यान्वयनमा समय तालिका निर्धारण गरिएको</u>

- आ.व २०८१/८२ को बजेट कार्यान्वयन गर्नको लागि तपशिल बमोजिमको समय तालिका निर्माण गरी लागु गरिएको छ ।
  - उपभोक्ता समिति गठन सम्पन्न – २०८१ भदौ मसान्त
  - उपभोक्ता समितिहरुको तालिम सम्पन्न – २०८१ असोज मसान्त
    नोट वडाहरुमा गई सम्झौता, बैङ्क खाता खोल्ने)
  - प्राविधिक स्टेटमेन्ट सम्पन्न – २०८१ पुष १५ सम्म
  - योजना सम्झौता – २०८१ माघ १५ सम्म
  - टेण्डर निस्कासन – २०८१ भदौ मसान्त सम्म
  - १० लाख सम्म योजना वडामा सम्झौता
  - सम्पन्न योजनाहरु वडा सचिव/वडा प्राविधिक मार्फत पालिका ल्याउने व्यवस्था गरिएको छ ।
  - योजनाको फाइल सम्पूर्ण प्रक्रिया पुरा गरी पालिकामा दर्ता भएको मितिले सात (७) दिन भित्र भुक्तानी गर्ने गरिएको छ ।

२. सामाजिक सुरक्षा भत्ता वितरण:- ६०-६७ वर्षको एकल पुरुष र "ग" वर्गको अपाङ्गता भएको व्यक्तिलाई पालिकाले प्रति व्यक्ति रु १ हजार मासिक रुपमा उपलब्ध गरेको छ ।

३. पशु स्वास्थ्य शिविर / स्वास्थ्य शिविर सञ्चालन नियमित गरेको

- मर्स्याङ्दी गाउँपालिकाका पशु विकास शाखाबाट मर्स्याङ्दी गाउँपालिका वडा नं. ३ सिउरुङ, वडा नं. - ४ ढुडे वडा नं. – ६ ठुलिबेशी र वडा नं. – ३ खुदीमा पशु स्वास्थ्य शिविर र पशु बन्ध्याकरण कार्यक्रम सञ्चालन गरियो ।

<u>तपशिल:</u>

| क्र.स | स्थान | सेवा प्रवाह विवरण | कैफियत |
|---|---|---|---|
| १ | सिउरुङ, छापा र ठुलिबेशी | ६९४९ | |
| ४ | खुदी बजार | ५६ घरपालुवा कुकुर र १ बिरालोमा बन्ध्याकरण र रेबिज रोग विरुद्धको खोप | |

- मर्स्याङ्दी गाउँपालिका वडा नं. – ७, डादीमा मर्स्याङ्दी गाउँपालिकाको आयोजना, मुटु फाउनडेसन र त्रिपुरेश्वर आँखा अस्पतालको काण्मान्डौको सहकार्यमा निशुल्क ३ दिने आँखा शिविर सञ्चालन गरिएको छ ।

अर्जुन चपाई
(प्रमुख प्रशासकीय अधिकृत)

| क.स | मिति | स्थान | सेवा प्रदानको विवरण | कैफियत |
|---|---|---|---|---|
| १ | २०८१/१०/८-१० | डादी | आँखा जाँच – ९०५<br>मोतिविन्दु शल्यक्रिया -१०३<br>निशुल्क चस्मा वितरण - २३६ | |

४. स्थानीय नेतृत्व विकासको लागि टोल विकासका अध्यक्षहरुलाई तालिम आयोजना

- मर्स्याङ्दी गाउँपालिका भित्र रहेको १०९ ओटा टोल विकास संस्थाका अध्यक्षहरुलाई नेतृत्व विकास सम्वन्धी तालिम सञ्चालन गरिएको छ ।

५.वन डडेलो नियन्त्रण सम्बन्धी सचेतना कार्यक्रम वातावरण संरक्षण, जैविक विविधता संरक्षण वनजङ्गलको संरक्षण प्रवर्धन, जलवायु परिवर्तन न्यूनिकरण लगाएतका विषयहरुमा जानकारी गराउदै वनडडेलो नियन्त्रणका लागि मर्स्याङ्दी गाउँपालिकाले वडाहरुको विभिन्न स्थानमा गरि २८ वटा वनडडेलो नियन्त्रण समवन्धी सचेतना कार्यक्रम सञ्चालन गरियो ।

६.कृषी उत्पादन र वजारीकरण प्राथमिकता

- मर्स्याङ्दी गाउँपालिकामा उत्पादित महलाई संकलन गरि जनता एग्रो सँग सम्झौता गरि मह निकासी गरि वजारीकरण गरेको साथै मह विक्री वितरण गरि रु २५ लाख आम्दानी भएको छ ।
- मर्स्याङ्दी गाउँपालिका वडा नं. ३ खुदीमा स्थानीय उत्पादनलाई विक्री वितरण गर्न, वजार मूल्य निर्धारण गरी कृषि हाट मेला/वजारको सुरुवात गरिएको छ ।
- मर्स्याङ्दी गाउँपालिका भित्रका कृषकहरुको आयआर्जन वृद्धि गर्नको लागि २० लाखको अकवरे खुर्सानी उत्पादनको कार्यक्रम लागु गरिएको छ ।करिव १७५ रोपनीमा अकवरे खुर्सनी लगाएको छ । यसबाट करिव तिन करोड आम्दानी हुने प्रारम्भिक अनुमान गरिएको छ ।
- कृषि एम्वुलेन्स खरिद प्रक्रियमा रहेको छ ।

.७ तथ्याङ्कमा मर्स्याङ्दी गाउँपालिकाको अवस्थाः

- विभिन्न संवैधानीक निकाय, आयोग र मन्त्रालयहरुले गरेको परिक्षण सूचकको आधारमा मूल्याङ्कनमा मर्स्याङ्दी गाउँपालिकाको अवस्था निम्न अनुसार रहेको छ ।

| क.स | निकाय | स्थान | कैफियत |
|---|---|---|---|
| १ | महालेखा परिक्षण | २०७८/०७९ | लमजुङ जिल्लामा सबै भन्दा |

अर्जुन चपाई
(प्रमुख प्रशासकीय अधिकृत)

| | | | |
|---|---|---|---|
| | | २०७९/०८० | कम वेरुजु |
| २ | समान्य प्रशासन मन्त्रालय | लिजा/स्वमूल्याङ्कनमा<br>२०७८/७९<br>२०७९/८०<br>२०८०/८१ | लमजुङ जिल्ला प्रथम पालिका |
| ३ | वित आयोग कार्यसम्पादन मूल्याङ्कन | २०७९/८०<br>२०८०/८१ | 7th<br>2nd |

८. शैक्षिक सुधार अन्तर्गत

❖ मर्स्याङ्दी गाउँपालिकाको शैक्षिक सुधारको लागि तपशिल बमोजिमको कार्यक्रम गरिएको छ ।

मर्स्याङ्दी गाउँपालिकाको शैक्षिक सुधारको लागि कक्षा ५, ८ र १०

- परिक्षा प्रणालीलाई व्यवस्थित, प्रभावकारी, गुणस्तरिय वनाउनको लागि कक्षा ५, ८ र १० को उत्तरपुस्तिका परिक्षण, समपरिक्षण पालिकाबाट हुने व्यवस्था गरिएको साथै कक्षा ४-१० को लागि प्रश्नपत्र उपलब्ध गराउनका साथै परिक्षाको लागि केन्द्रध्यक्ष पालिकाबाट नै तोकि पठाउने व्यवस्था गरिएको छ ।
- सम्पुर्ण माविहरुमा सेनेटरी प्याड मोन्डिङ एण्ड डिस्पोजल मेसिन जडान गरिएको छ ।
- एस ई ई दिने विपन्न तथा जेहेन्दार विद्यार्थीको लागि ७३००।– दरले ४१ जना विपन्न तथा जेहेन्दार विद्यार्थीलाई शिक्षण शुल्क वितरण गरिएको छ ।
- सम्पुर्ण विद्यालयहरु (१-५) का विद्यार्थीहरुको लागि दिवा खाजाको लागि पालिकाबाट रु ५ का दरले प्रति विद्यार्थीमा थप गरिएको छ ।
- शैक्षिक सामाग्री निर्माण तालिम ३ दिने सम्पन्न
- प्र अ नेतृत्व विकास तालिम २ दिने सम्पन्न
- मर्स्याङ्दी कप आयोजना निरन्तरता - अन्तर विद्यालय प्रतियोगिता)

९.समय अगावै प्रशासकीय भवन निर्माण सम्पन्न गरि सेवा प्रवाह शुरुवात गरेको ।

१०. पर्यटन प्रवर्धन कार्यक्रमः

❖ मर्स्याङ्दी गाउँपालिका पर्यटकीय स्थलको संरक्षण सम्वर्धन प्रसार प्रसार गर्दै आन्तरिक तथा बाह्य पर्यटकहरुको संख्या वृद्धि गरि स्थानीय उत्पादनको वजारीकरण, स्थानीय रोजगारी वृद्धि गर्नको लागि एकादसी मेला, विभिन्न झरना र तातो पानी महात्सवहरु सम्पन्न गरिएको छ ।

अर्जुन चपाई
(प्रमुख प्रशासकीय अधिकृत)